निजगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, निजगढ, बारा
प्रदेश नं. २, नेपाल

**आ.व.२०७७/०७८ को लागि ढुंगा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ उत्खनन तथा निकासी कर सम्बन्धी सीलबन्दी बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति: २०७७।०६।१५ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ(६) को व्यवस्था र नेपाल सरकारद्वारा स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ७ को उपदफा (५) बमोजिम यस निजगढ नगरपालिकाको स्वीकृत IEE क्षेत्राधिकार भित्र पर्ने बकैया खोला र धन्सार खोलाको विभिन्न क्षेत्रहरुबाट उत्खनन् तथा निकासी बिक्री गरिने नदीजन्य पदार्थहरु (ढुंगा, गिट्टी, बालुवा आदि)को शुल्क निजगढ नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दररेटमा निम्न आय शिर्षकमा आ.व. २०७७/२०७८ को लागि बढाबढको माध्यमबाट ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा कर चुक्ताको प्रमाणित प्रतिलिपिहरुका साथै उक्त कार्य गर्न योग्य भएको स्व-घोषणापत्र पेश गरी निम्न शर्तहरुका अधीनमा रही सीलबन्दी बोलपत्र आव्हान गरिएको छ। यो सूचना यस कार्यालयको वेबसाइट www.nijgadhmun.gov.np मा पनि हेर्न सकिनेछ।

शर्तहरु :

१. बोलपत्र फाराम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फाराम दस्तुर वापत रु १०,०००।(अक्षरुपी रु. दश हजार मात्र) नगदै दाखिला गरी खरिद गर्न सकिनेछ र खरिद भएका बोलपत्रहरु ३१ औं दिन अपरान्ह १२:०० बजेसम्म यस कार्यालयमा ठेक्का नं., किसिम, बोलपत्रदाताको नाम र ठेगाना, सम्पर्क नं. आदि विवरणहरु खाममा स्पष्ट खुलाई सीलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएका बोलपत्र सोही दिनको ३:०० बजे सरकारी कार्यालय र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। धरौटी वापतको रकम नगद संलग्न गरेकोलाई मान्यता दिइने छैन। बोलपत्र खरिद गर्ने र बुझाउने दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उक्त कार्यहरु गरिनेछ।

२. खरिद भएको सीलबन्दी बोलपत्र फाराम नेपाली नागरिक भए आफूले कबोल गरेको कुल ठेक्का अंकको ५% र विदेशी नागरिक भए १०% धरौटी रकम नगदै श्री कृषि विकास बैंक, निजगढमा रहेको यस कार्यालयको धरौटी खाता नं. ०५०७६००६७६०५००२६ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १५० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकको बैंक जमानीपत्र (बिड बण्ड) संलग्न गरी रीतपूर्वक सहीछाप तथा सीलबन्दी गरी बोलपत्रदाता आफैं वा प्रतिनिधि मार्फत् यस कार्यालयमा दाखिला गर्न सकिनेछ।

३. बोलपत्रदाताले पेश गरेको बोलपत्र फिर्ता वा संशोधन गर्न चाहेमा दर्ता गर्ने अन्तिम समय समाप्त हुनु भन्दा कम्तीमा चौबिस घण्टा अगावै फिर्ता वा संशोधन गर्नु पर्नेछ।

४. ठेक्का अवधि सम्झौता भएको मिति देखि लागू भई सो बमोजिम उत्खनन् कार्य मिति २०७८ साल जेष्ठ मसान्तसम्म र निकासी कार्य मिति २०७८ साल आषाढ मसान्त सम्म हुनेछ।

५. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। टिपेक्स लगाएको बोलपत्रलाई मान्यता दिइनेछैन।

६. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिनभित्र नियमानुसार आयकर / मू.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. सम्झौताको समयमा ठेक्कामा उल्लेख भए अनुसारको सम्पूर्ण रकम बुझाएमा ठेक्का अंक (कबोल अंक) को १०% रकम छुट दिईनेछ।

...कुमार कार्की

८. ठेकेदारले आफूले कबोल गरेको कुल रकम दुई किस्तामा बुझाउनु पर्नेछ। पहिलो किस्ता आफूले कबोल गरेको कुल ठेक्का रकमको ६० (साठी) प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ। त्यसपछिको बाँकी रकम मिति २०७७ साल माघ मसान्तभित्र बुझाउनु पर्नेछ। सम्झौता गर्न आउँदा बोलपत्रदाताले बाँकी रकम बराबरको मान्यता प्राप्त बाणिज्य बैंकको जमानत (पर्फरमेन्स बण्ड) पेश गरेपछि स्थायी चलानीपूर्जी दिईनेछ।

९. ठेकेदारले नियमानुसार तोकिएको दरमा उत्खनन् कार्यको कर र निकासी कर छुट्टाछुट्टै रसिदमा मूल्य अभिवृद्धि कर थप गरी लिनु पर्नेछ। उक्त मूल्य अभिवृद्धि कर ठेकेदारले आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ। सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्का रकमबाट कटाउन पाईने छैन।

१०.बन्द, हड्ताल, चक्काजाम लगायत अन्य मानव सृजित कारणबाट सृजना हुने परिस्थिति र अवस्थाको कारण कर छुट वा मिनाहा दिन नसकिने हुँदा कबोल अंकमा कुनै किसिमको छुट वा मिनाहा दिईने छैन। साथै, कर छुट वा मिनाहा माग गर्न पाईने छैन।

११.शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रतिवाला रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तूर उठाउने गरी प्रयोगमा ल्याउनु पर्नेछ।

१२. यस नगरपालिकाले नदीजन्य पदार्थको लिलाम गरी ठेक्का सम्झौता गरेको स्टक मौज्दात सम्बन्धित स्वीकृत ठेकेदारले नै यस नगरपालिकाले तोकी दिएको समयावधिभित्र निकासी गर्न पाउनेछ। उक्त स्टक मौज्दातमा यस ठेक्का सूचना अन्तर्गत सीलबन्दी बोलपत्र स्वीकृत हुने स्वीकृत बोलपत्रदाताले कुनै किसिमको हकदावी वा बाधा अवरोध गर्न पाउने छैन।

१३.चलानीपूर्जीमा उल्लेख भएका मालवस्तु र दररेटको प्रतिकूल हुने गरी कर दस्तूर शुल्क लिन पाइने छैन। बढी लिएको प्रमाण पेश हुन आएमा तोकिएको दरमा ४ गुणा जरिवाना गरिने र उजुरीकर्तालाई जरिवाना रकमको २५% रकम पुरस्कार दिइनेछ। कुनै पनि सवारी साधन तोकिएको कर नतिरी झुक्याई भागेमा सवारी साधनलाई तोकिएको करको ४ गुणा जरिवाना गरिनेछ। साथै, ढुँगा गिट्टी ग्राभेलको हकमा यस नगरपालिकाबाट गठीत नगर स्तरीय अनुगमन तथा समन्वय समितिको निर्णयानुसार सिफारिस भएको जरिवाना रकम असुल उपर गरिनेछ।

१४.नेपाल सरकार, सम्मानित अदालत, यस नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु, गराउनु र लागू गर्नु ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ। नीति निर्देशन वा अदालतको आदेशको पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्तिको दाबी ठेकेदारले यस नगरपालिकासँग गर्न पाउने छैन।

१५.ठेकेदारले उठाउने कर यस कार्यालयद्वारा तोकिएको उत्पादनस्थल वा तोकेको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइने छैन। कर संकलन सम्बन्धी सूचना पाटी अनिवार्य रुपमा ठेकेदारले लेखेर संकलन केन्द्रमा राख्नु पर्नेछ।

१६.बालुवा ढुंगा गिट्टीका सन्दर्भमा प्रदेश अनुगमन समिति एवं नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति, बारा तथा यस नगरपालिकाबाट निर्देशन भए बमोजिम हुनेछ।

१७.बालुवा, ढुङ्गा, गिट्टी, ग्राभेलको संकलन उत्खनन् कार्य गर्दा, गराउँदा जिल्ला समन्वय समितिको स्वीकृत IEE मा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नु पर्नेछ। IEE को शर्त पालना गर्दा वातावरणीय नकरात्मक प्रभाव न्यूनीकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ। नेपाल सरकारबाट बन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाइने छैन।

१८.यसमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम र यसमा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

१९.बोलपत्र सम्बन्धी दररेट, अन्य शर्त तथा विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्बन्धित सबैलाई जानकारी गराइन्छ। साथै कुन कुन मालवस्तुमा के कति दरमा कर, शुल्क लिन पाउने भन्ने बारेको विस्तृत विवरण बोलपत्र फाराम साथ संलग्न गरिएको छ।

२०.कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित हुनेछ। बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन। शर्त सहितको बोलपत्र बदरभागी मानिनेछ। साथै, रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै

२१.स्वीकृत परिमाणको उत्खनन् तथा बिक्रीको अभिलेख ठेकदारले राखी प्रत्येक १/१ महिनामा यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

| सि. नं. | सूचना नं. / बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मू.अ.क. बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | ११/०७७/०७८ | यस नगर भित्रका स्वीकृत IEE मा उल्लेखित खोलाहरुको रोडा, ढुङ्गा, गिट्टी, ग्राभेल र बालुवा संकलन घाटगद्दी गरी बिक्री वितरण तथा नगरबाहिर निकासी गर्ने कार्य समेत (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित परिमाणको ) | १,८५,७६,०१३।०० | १३,००,३२,०९१।०० | नेपाली नागरिक भए आफूले कबोल गरेको कुल ठेक्का अंकको ५%, र विदेशी नागरिक भए १०% धरौटी रकम | १०,०००।०० |

२०७८।६।१५

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव